सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक
# ज्योती जागरण
Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १३९ | वि.सं. २०७९ पुस ०४ गते सोमबार | 19, 2022 Monday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## महानगरमा पर्ने इनरवाईपासको ४० फिटे बाटोको अतिक्रमण हटाउने कार्य सम्पन्न

**बीरगंज ३ पुस ।**

वीरगञ्ज महानगरपालिकाले नगरको विभिन्न स्थानका फुटपाथ र नाला माथी राखेको निर्माण सामग्री हटाउने कार्य अन्तरगत आज वीरगंज महानगरपालिका वडा नम्बर १५ मा पर्ने इनरवाईपासको ४० फिटे बाटोको अतिक्रमण हटाउने कार्य सम्पन्न गरेको छ ।

नरबाईपासको ४० फिटे सडक छेउ, फुटपाथ र नालामाथि जथाभावी निर्माण सामग्री तथा ठेला राखेर व्यवसाय गर्दा पैदल हिँड्न र सवारी दुर्घटनासमेत हुन सक्ने देखिएकाले महानगरले त्यसलाई हटाउन थालेको हो ।



dxfgu/n] bQ{lbg

लगाएर ४० फिटे बाटोको अतिक्रमण हटाएको वीरगञ्ज महानगरका फोहोर व्यवस्थापन तथा हरियाली समितिका संयोजक जयप्रकाश खेतानले जानकारी दिनुभयो ।

अतिक्रमण नियन्त्रण र पार्किङ कार्यान्वयनका लागि खटिएको अभियानमा वीरगञ्ज महानगरपालिकाका सरसफाई तथा बृक्षारोपण संयोजक जयप्रकाश खेतान, बीरगंज महानगरपालिकाका सरसफाई शाखा प्रमुख सरफुद्दिन मिया सहितको टिम, नगर प्रहरी इन्चार्ज हरि भुषालको कमाण्डमा खटिएको टिम तथा बस पार्क प्रहरी चौकीका प्रहरी जवानहरुको सहभागिता रहेको थियो ।

## बाराको बलिरामपुर अस्पतालमा निःशुल्क आँखा शिबिर सम्पन्न



**रामजी यादव ३ पुस बारा ।** बाराको कलैया उप महानगरपालिका पालिका वडानं.१३बलिरामपुर अस्पतालमा निशु:ल्क आँखा शिबिर सम्पन्न भएको छ। जन जागरण समाजिक संस्था कलैया उपमहानगर पालिका १३ बाराको आयोजनामा तथा मातृका आई फाउन्डेसनको सहयोगमा कुल २१५ जनाको आँखा चेकजाँच गरिएको थियो जसमध्ये ६३जनामा मोतियाबिन्दका रोगी फेला परेका थिए ।

मोतियाबिन्द फेला परेको ५० जना रोगीहरुलाई लाई नि: शुल्क आई मचयउ बितरण गरिएको मातृका आई फाउन्डेसनका प्राबिधिक मनोज पटेलले बताउनु भयो।

जितेन्द्र पासवानको अध्यक्षतामा भएको निशुल्क आँखा शिबिर कार्यक्रमका प्रमुख अथितीमा भौतिक पुर्बधार का ई.श्री सुजित कुमार गुप्ता, विशेष आतिथी तेज बहादुर साह , राधेचन्द साह ,आतिथीमा चन्द्रिका यादव ,भानु साह,मातृका आई फाउन्डेसनका प्राबिधिक मनोरंजन यादव, संजय ठाकुर ,राजेश चौधरी लगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको सहजीकरण सचिव ज्ञानेन्द्र कुमार सिंह गर्नु भएको थियो ।

## एनआई कलेजका विद्यार्थीद्वारा निर्मित विज्ञान र प्रविधि सम्बन्धी आविष्कारको प्रदर्शनी



**वीरगञ्ज, ३ पुष ।** वीरगञ्जको शिरोमणी टोलस्थित नेशनल ईन्फोटेक (एनआई) कलेजमा विज्ञान तथा प्रविधि सम्बन्धी आविष्कारको प्रदर्शनी गरिएको छ। स्नातक तहमा अध्ययनरत ७० जना विद्यार्थीहरुको सहभागितामा ९ वटा समूह बनाइएको थियो । ति समूहले बनाएका ९ वटा आविष्कारको आइतवार एक कार्यक्रमका बिच प्रदर्शनी गरिएको हो ।

यसअघि कलेजले आईटी तथा प्रविधि विज्ञहरुसँग विद्यार्थीहरुलाई ७ दिने प्रशिक्षण दिएको थियो । सूचना र प्रविधिको क्षेत्रमा कार्यरत संस्था नेपाल ट्रोनिक्स काठमाण्डौका ईलेक्ट्रोनिक ईन्जिनियरद्वय सरोज चौधरी र राजु श्रेष्ठले विद्यार्थीहरुलाई ७ दिने कार्यशालामा प्रशिक्षण दिएका थिए । साथै कलेजका ब्याचलर कोर्डिनेटर बिजय कुशवाहा, कम्प्युटर एशोसिएशन

***बाँकी अन्तिम पृष्ठमा***

## राष्ट्रपतिद्वारा प्रधानमन्त्रीमा ७ दिनभित्र दाबी पेस गर्न आह्वान

काठमाडौं – राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्रीमा दाबी पेस गर्न आह्वान गरेकी छन् । उनले संविधानको धारा ७६ (२) बमोजिम सरकार गठनको लागि प्रधानमन्त्रीमा दाबी पेश गर्न आह्वान गरेकी हुन् । संविधानको धारा-७६ को उपधारा-१ अनुसार कुनै दलको बहुमत नपुगेपछि राष्ट्रपति भण्डारीले उपधारा-२ अनुसार प्रतिनिधिसभामा बहुमत प्राप्त गर्न सक्ने सदस्यलाई प्रधानमन्त्रीमा दाबी पेश गर्न आव्हान गरेकी हुन् । त्यसकालागि पुस १० गते साँझ ५ बजेसम्मको म्याद दिइएको छ । संविधानको धारा-७६ को उपधारा-२

***बाँकी अन्तिम पृष्ठमा***

## नेपाल पत्रकार महासंघ मधेश प्रदेशको तेस्रो साधारण सभा सम्पन्न

**वीरगंज,पुस ३**

**नेपाल पत्रकार महासंघ मधेश प्रदेशको तेस्रो साधारण सभा वीरगंजमा सम्पन्न भएको छ । प्रदेशका अध्यक्ष राजेश कर्णाको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो ।**

**महासचिव श्याम बन्जारा ले प्रस्तुत गरेको सांगठनिक प्रतिवेदन र कोषाध्यक्ष विश्वनाथ ठाकुरले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन सर्वसहमतिले पारित गर्दै साधारण सभा सम्पन्न भएको अध्यक्ष कर्णले जानकारी दिए ।**

**साधारण सभाले पत्रकारको हकहितको लागि सशक्त भएर अघि बढ्ने निर्णय गर्दै पत्रकारको भरभोषणाको लागि अक्षय कोषको स्थापना, पत्रकारको भौतिक सुरक्षाकोलागि जिवन बिमा तथा क्षमता अभिवृद्धिको लागि तालिममा**




**बिशेष जोड दिने निर्णय गरेको छ ।**

**यस्तै रेडियो ,पत्रपत्रिका ,टिभि तथा अनलाईनको वृद्धि बिकाशको लागि प्रदेश सरकार संग बिशेष पहल गर्ने समेत निर्णय भएको महासचिव श्याम बन्जाराले जानकारी दिए । यसअघि सधारण सभाको उद्घाटन सत्रलाई सम्बोधन गर्दै मुख्यमन्त्री लालबाबु राउत गद्दीले पत्रकार सुरक्षाको लागि पर्सा जिल्लाबाट बिमा योजना शुरु गर्ने जानकारी दिए । कार्यक्रमका प्रमुख अतिथी समेत रहेका गद्दीले प्रदेशका ८ वटै जिल्लाका करिव एक हजार पत्रकारको जिवन बिमा गर्ने लक्ष्य रहेको जानकारी दिए ।**

**उद्घाटन समारोहमा पर्सा क्षेत्र नम्बर ३ का सांसद राजकुमार गुप्ता, प्रदेश सभा सदस्य श्याम पटेल,नेपाल पत्रकार महासंघका केन्द्रिय बरिष्ठ उपाध्यक्ष रमेश बिष्ट, सचिव दिपेन्द्र चौहान, केन्द्रिय सदस्य केसी लामिछाने, शिवहरी पुरी,रिंकु मिश्रा,प्रेस काउन्सिल नेपालका सदस्य लालबाबु शेख,वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष सुवोध गुप्ता लगायतकाले धारण राखेका थिए । होटल कुमु प्यालेशमा आयोजित कार्यक्रमको सहजीकरण महासचिव श्याम बन्जाराले गरेका थिए ।**



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक
ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)
सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com
मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# चीरहरणमा समानुपातिक सूची

**डा. अतीन्द्र दाहाल**

राष्ट्रियसभा र समानुपातिक राजनीति विषादी बन्दैछ। समानुपातिक लोकतन्त्रको भद्दा मजाक हुँदैछ।

संघीय संसद् र प्रदेशसभाको निर्वाचन परिणामले देश उच्च राजनीतिक सरगर्मीमा छ। स्थापित भनिएका दलको क्षय र नवोदित दलहरूमा बढ्दै गरेको आकर्षणका कारण आगामी राजनीतिक कोर्स अझ रहस्यमयी बन्दैछ। आउने सरकार कस्तो र कस्को बन्छ भन्नेमा विभिन्न अनुमान तथा आकलन गरिँदैछन्।

अहिले दलहरूले बुझाएको समानुपातिक सदस्यको अन्तिम सूचीले बहसको नयाँ धार बनाउँदैछ। सूचीमा राष्ट्रिय राजनीतिमा प्रभावशाली नेताहरूका नाता/गोता, श्रीमती तथा ससुराली, प्रेमिका, माइती/मावली अनि आसेपासेहरू उल्लेख्य छन्। परिवारवाद तथा पैसावाद मौलाउँदैछ। केहीले त समानुपातिकको पद खरिदबिक्री हुने पनि भनिरहेका छन्।

छिटफुट उद्यमी अनि अन्य खालका पेसागत मानिस समानुपातिकमा परेका त छन्। तर अधिकांश सदस्यको नामावली हेर्दा सूची साँच्चै शरमलाग्दो छ।

कांग्रेसबाट प्रधानमन्त्री पत्नी, गृहमन्त्रीको दोस्री पत्नी, चेक बाउन्स प्रकरणमा कालोसूचीमा रहेका व्यक्तिसमेत सिफारिस भएका छन्। एमालेबाट धर्म परिवर्तनका अगुवा एकनाथ ढकाल सिफारिसमा छन्।

एक उपाध्यक्षकी श्रीमती तथा महासचिवकी बहिनी समानुपातिकबाट संसद् छिर्दैछन्। नयाँ भनिएको राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रवक्ताकी निजी कर्मचारी सिफारिस भइन्।

दलहरूले सम्बन्धित समूहको प्राथमिकता क्रमलाई समेत उल्लंघन गरेर केही दलले त कोटाभन्दा बढी सिफारिस गरेको समाचार आए। माओवादी र जनता समाजवादी पार्टीमा पनि समान दृष्टान्तहरू देखिए।

गणतन्त्रात्मक संसद्का सदस्यलाई पञ्चायतकालीन नेता र दरबारभक्त पशुपतिशमशेरले शपथ खुवाउँदै छन्। उनी राप्रपाका समानुपातिक हुन्। नातागोता केही पनि नपरेरै समानुपातिकमा आएका पनि सबै विशुद्ध दलका कार्यकर्ता र नेतृत्वका भजन टोली छन्।

यसरी मनमौजी ढंगले परिवारका सदस्यलाई समानुपातिक गलत हो। यद्यपि राजनीतिमै धेरै समय सक्रिय अरू कसैलाई बनाउनु पर्थ्यो भन्नुले पनि समानुपातिकको मर्मलाई बोक्न चाहिँ सक्दैन। राजनीतिक पृष्ठभूमि र सक्रियतामात्र भएका व्यक्तिहरूलाई समानुपातिकमा पठाएर खराब प्रयोग गरिरहेका थियौं।

अब त अझै तल झरेर श्रीमती वा सालासाली क्लब बनाउनाले समानुपातिक अवधारणाकै चीरहरण भएको छ।

देशको समृद्धि अनि सभ्य राजनीतिक परिवर्तन र अभ्यासका लागि सबै दलले समानुपातिकका सबै सदस्य गैरराजनीतिक छान्नुपर्छ। पत्रकारिता, कला, साहित्य, उद्योग, विज्ञान, विद्युत्, पर्यटन, शिक्षा, स्वास्थ्य, पूर्वाधार, उद्यमशीलता, अर्थ, अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति, प्रविधि, न्यायलगायत अन्य विभिन्न विधाका विज्ञ, दक्ष, काबिल व्यक्तिहरू त्यहाँ ल्याउनुपर्छ। म्याक्स क्रिचकृत पुस्तक 'इन्कुलजन एन्ड एक्सक्लुजन इन् द ग्लोबल एरिया'मा समावेशी बनाउने अभ्यासका लागि घुमाउरो पारामा राष्ट्रियसभा र समानुपातिकताको दुरुपयोग भइरहेको भनिएको छ। हामीले पनि त्यही गऱ्यौं। समानुपातिकको सूचीलाई समावेशीको आधार बनाएर हामीले समावेशी अनि समानुपातिक दुवैको चीरहरण गर्दैछौं।

राजनीतिमा समावेशिता र समानुपातिकता एकअर्काका परिपूरक मात्रै हुन्, पर्याय होइनन्। एक अर्कोसँग जबर्जस्त जोडेर नभई स्वतन्त्र प्रयोग अनिवार्य गर्नुपर्छ। समावेशी राजनीतिक स्वरूपमा नागरिक संख्याको अनुपात हो। समानुपातिकको अभ्यास पूर्ण प्राविधिक विशेषज्ञता र सम्भावित योगदानको अनुपातिक सहभागिताको सरोकार हो।

**समावेशी, विशुद्ध राजनीति**

समावेशिताले विभिन्न धरातल र आधारमा पिछडिएका मानिसलाई प्रत्यक्ष निर्वाचनद्वारा नै राजनीतिको मूल प्रवाहीकरणमा ल्याउनु पर्छ। उनीहरूलाई कसैको निगाहा वा सूचीमा नभै आम नागरिकद्वारा निर्वाचित गरेको महसुस गराउनुपर्छ। राष्ट्रमा आफ्नो र आफूहरूको समुदायको पनि अधिकार रहेको अनि त्यसको सम्मान भएको आभास दिनुपर्छ। ती प्रतिनिधिबाट तत्तत् समुदायका पीडा एवं समस्या सुन्दै समाधान र उत्थानका उपायमा बहस तथा अभ्यास गर्नुपर्छ। साझा विषयमा सबै एकाकार रहनु पर्छ।

वास्तवमै सशक्तिकरण गर्नुपर्ने समावेशिताको पक्षलाई पार्टी हठको सञ्चारणमा संकुचन गऱ्यौं। समावेशीको अभ्यास यसरी गर्दैछौं कि कुनै निर्णय गर्दा उनीहरूको विरोध नहोस्। उनीहरूलाई मूल प्रवाहीकरणभन्दा उनीहरूको अनुमति लिएर आफ्नो पक्षमा निर्णय गराउने अभ्यास हुँदैछ। लेखक महेन्द्र लावतीका अनुसार समावेशिताका मुख्य दुई आधारमध्ये हामीले दोस्रो र खराब परीक्षण गऱ्यौं। समावेशी बनाइएका अधिकांश सदस्य ताली बजाउन र गाली गर्नलाई प्रयोग भए। जसले समावेशितालाई सजीव बनाउन सकेन।

समावेशी राजनीतिक चरित्र हो यसले प्रत्यक्ष निर्वाचनमै आफ्नो रूपधारण गर्नुपर्छ। राजनीतिक पार्टीहरूले भाषा, क्षेत्र, लिंग, प्रजाति, समुदायसमेत हरेक हिसाबले पूर्ण समावेशी चरित्रको उम्मेदवारहरूको समीकरण बनाउन सक्नु पर्छ। बिना समानुपातिकता नै समावेशी चरित्रको राजनीति बनाउनु पार्टीहरूको व्यवस्थापकीय कौशलता हो। प्रत्यक्ष निर्वाचनमा नै पार्टीहरूले ती प्रकारका मानिसलाई सम्मानसाथ प्रतिस्पर्धाको मैदानमा उतार्नुपर्छ। अनि समानुपातिक तथा राष्ट्रिय सभाजस्ता अन्य सदनलाई चाहिँ पूर्ण कौशलको प्राविधिक तथा विज्ञतापूर्ण अंग बनाउनुपर्छ।

**समानुपातिक, पूर्ण विज्ञता र कौशल**

१९औं शताब्दीको मध्यतिर डेनमार्कका कार्ल एन्ड्र्याएसँग मिली बेलायतका टोमस ह्यारे र जोन स्टुवार्ट मिलले समानुपातिकको अवधारणालाई बहसमा ल्याए। यस्तो प्रतिनिधित्वलाई पूर्णतया गैरराजनीतिक छनोट मानिन्छ। एक अनुसन्धान 'द पोलिटिक्स अफ डेमोक्रेटिक इन्कुलजन'मा समेत समानुपातिकता राजनीतिक नभई प्राविधिक रूपमा देखिनुपर्ने उल्लेख छ। धेरै देशमा यस्तो अभ्यास सार्थक बनाउन एक सदनात्मक संसद् भए त्यसैमा समानुपातिकबाट विज्ञ मानिसहरू ल्याइन्छ। दुई सदनात्मक भए राष्ट्रियसभामार्फत आवश्यक विज्ञता भि□याउने गरिन्छ। यसको राम्ररी अभ्यास भएका ब्राजिल, इटाली, स्पेन, दक्षिण अफ्रिका, युक्रेन, रसियामा राष्ट्रियसभा वा समानुपातिकमा आएका अधिकाश सदस्य गैरराजनीतिक बनावटका विज्ञ र विशेषज्ञ देखिन्छन्। हामीले समानुपातिक र राष्ट्रियसभा दुवै पद्धति प्रयोग गरे पनि सार्थक अभ्यास चाहिँ गर्न सकेनौं।

राष्ट्रियसभा वा समानुपातिक भनेको कार्यक्रम र योजनाहरूका आधारमा राष्ट्रिय विकासका विभिन्न आयामलाई सघाउन सक्ने दक्ष, विज्ञ, क्षमतावान् र सामर्थ्यवान् मानिस छान्ने प्रबन्ध हो। देशको विकास र घोषणापत्रका वाचाअनुसारको प्राप्ति राजनीतिकर्मीबाट मात्रै सम्भव छैन। राजनीति इतरका मानिसको संख्या ठूलो छ। उनीहरूको विशिष्ट सहयोग अनि

बाँकी तेस्रो पृष्ठमा

# नेपाल : उत्तर-परिवर्तनको चरणमा

**विष्णु सापकोटा**

निर्वाचन हुनुपर्ने थियो । भयो, सकियो । फेरि पनि शेरबहादुर देउवा, पुष्पकमल दाहाल र खड्गप्रसाद ओलीमध्ये एक वा अर्कोलाई पाँच वर्षसम्म पालैपालो प्रधानमन्त्री बन्ने प्राविधिक वैधता दिएको यस निर्वाचनबाट धेरै उत्साहित हुनु भनेको नागरिकका रूपमा आफ्नै आत्मसम्मानलाई चोट पुऱ्याउनु हो । त्यसैले यसलाई यत्ति भनेर छाडौं- जे नहोस् भन्ने थियो, त्यही हुने भयो ।

तर यो निर्वाचनले २०६२-६३ सालको आन्दोलनदेखि सुरु भएको नेपालको ऐतिहासिक 'परिवर्तन' को यात्रा कहाँ पुगेको वा नपुगेको, अड्किएको वा फर्किएको रहेछ भनेर हेर्न एउटा आँखीझ्याल उपलब्ध गरायो । यस आलेखको प्रस्तावना नेपाल अब उत्तर-परिवर्तनको चरणमा पुगिसकेको रहेछ भन्ने छ ।

किनभने, पहिलो संविधानसभादेखि नयाँ संविधान अन्तर्गतको दोस्रो आम निर्वाचनसम्म आइपुग्दा त्यो महत्त्वाकांक्षी परिवर्तनको जुन बृहत् राष्ट्रिय परियोजना थियो, नेपाली समाजले अहिले त्यसको 'एजेन्सी' नै गुमाइसकेको छ ।

के थियो त्यो एजेन्सी ? आगामी राजनीतिक कोर्सका लागि त्यसको अर्थ के हुन्छ भनेर विषयलाई अलिकति 'थिअराइज' वा सैद्धान्तिकीकरण गरेर हेर्नु पंक्तिकारलाई महत्त्वपूर्ण लागेको छ ।

माओवादी केन्द्रको दलीय आकार खुम्चिँदै गएको छ भनेर यो तर्क गर्न खोजिएको हैन । त्यसै पनि २०६४ सालमा एक पटकबाहेक नेपालको इतिहासमा माओवादी कहिले नै पहिलो, दोस्रो शक्ति भएको थियो र ? चुनावमा पराजित हुनुअगावै मधेश आन्दोलनका अगुवाहरू कसरी आफैंसँग हारेर 'मधेशविरोधी' कै शरणमा पुग्ने स्थितिमा पुगेका थिए भनेर पनि यो तर्क गरिएको होइन ।

कुनै आन्दोलन वा परिवर्तनको नेतृत्व गरेको राजनीतिक दल आफू कमजोर हुँदैमा सम्पूर्ण परिवर्तन नै कमजोर हुन्छ भन्ने हुँदैन । प्रजा परिषद् सकिँदा प्रजातन्त्र सकिएको थिएन । त्यसैले 'चीज' त्योभन्दा गहिरो र फराकिलो छ ।

हामी मानिस स्वभावैले सधैं 'प्रतिक्रियावादी' नै हुन्छौं । जस्तो- देउवाजस्ता व्यक्ति देशकै ठूलो लोकतान्त्रिक दलको सभापति मात्र होइन, छैटौं पटक मुलुकको प्रधानमन्त्री हुन जब दुइटै खुट्टा उचाल्छन्, मान्छेका मनमा यो लोकतन्त्र भन्ने कुरा नै अर्थहीन हो कि भन्ने प्रतिक्रिया उत्पन्न हुन्छ ।

यदि लोकतन्त्रमार्फत हामीले आफ्नो शासकका रूपमा पटक-पटक 'डिजर्भ' गर्ने सर्वश्रेष्ठ नेता देउवा नै हुन् भने यस्तो लोकतन्त्रको के काम भन्ने प्रतिक्रिया हामीभित्र अबोध रूपमा आउन सक्छ ।

तसर्थ देउवा वा उनीजस्तै खराब हुन प्रतिस्पर्धामा रहेको कांग्रेसको अहिलेको 'दाइ पुस्ता' का अनुहारहरू जतिजति सार्वजनिक नजरमा छाइरहन्छन्, त्यो दृश्य मात्रैले पनि जनताको नजरमा लोकतन्त्रलाई स्वतः कमजोर पारिरहेको छ ।

देउवा अहिले यी हरफमा सहायक सन्दर्भस्वरूप मात्र आइपुगेका हुन् । मूल विषय नेपालमा अहिले आइपुगेको उत्तर-परिवर्तनको चरणलाई कसरी बुझ्ने भन्ने नै हो । र देउवालाई जोडेर यहाँनेर उठाउन खोजिएको बुँदा के हो भने, यदि प्रचण्डलाई आफूले 'जनयुद्ध' मार्फत उठाएका राज्य रूपान्तरणका मुद्दाप्रति अलिकति पनि माया बाँकी छ भने उनले माओवादी केन्द्रलाई कतै लगेर विलय गराइहाल्नुपर्छ ।

किनकि जति प्रचण्ड नेतृत्वको माओवादीको परिचय सत्ताको निकृष्ट गोटी र अस्थिरताको वाहकका रूपमा जनताका मनमा झाँगिँदै जान्छ, उति त्यो ऐतिहासिक परिवर्तनप्रति नै जनताको प्रतिक्रिया फेरिँदै जान्छ, वितृष्णा फैलिँदै जान्छ ।

अब नेपाली समाजले गुमाएको परिवर्तनको 'एजेन्सी' के हो, त्यसमा विमर्श गरौं । कुनै ठूलो राजनीतिक र सामाजिक परिवर्तनको घटना हुनुभन्दा पहिले समाजमा सुषुप्त रूपमा एउटा बौद्धिक चेतनाको प्रक्रियाले घर गर्न थालेको हुन्छ ।

सन् १७८९ को फ्रेन्च रिभोलुसन होस् कि सन् १९४७ को भारतको स्वतन्त्रता वा नेपालमै विक्रम संवत् २००७ सालमा प्रजातन्त्र स्थापना हुने घटना, इतिहासमा उदाहरण जति हेरे पनि छन् । मूल घटनाको उत्कर्ष मञ्चन हुनुअघि त्यो प्रक्रियाले समाजमा सामूहिक विवेकको निर्माण गरेको हुन्छ ।

पछि सतहमा अधिकतम जनता त्यही प्रक्रियामा स्वस्फूर्त समाहित भएका हुन्छन् । 'एजेन्सी' ले बोक्ने अवधारणालाई अनुवाद गर्ने नेपालीमा दुरुस्त शब्द नपाएर मात्र अंग्रेजीको यो शब्द प्रयोग गरिएको हो । यसलाई यसरी बुझ्न सकिन्छ- कतिपय युगान्तकारी परिवर्तनका लागि समाजलाई भित्रभित्र तयार पार्ने एउटा स्वस्फूर्त समूह हुन्छ जसलाई राजनीतिक आन्दोलनका बौद्धिक अगुवा भन्न सकिन्छ ।

नेपालकै २०६२-६३ को जनआन्दोलनअगाडि फर्केर सोचौं त ! मूलधारका सात दलको मोर्चा र नेकपा (माओवादी) को नेतृत्व संयुक्त रूपमा आन्दोलनमा आउनुको एउटा मात्र कारण राजा ज्ञानेन्द्रलाई सत्ताबाट

बाँकी अन्तिम पृष्ठमा

# राजनीति : मिश्रित प्रवृत्ति, जटिल मार्गचित्र

**गोपाल खनाल**

निर्वाचन परिणामका अनेक विश्लेषणसँगै सरकार गठनका गृहकार्यहरू सुरु भएका छन् । निर्वाचन आयोगले राष्ट्रपतिसमक्ष नतिजा बुझाउनुअघि नै सरकार गठनका लागि आवश्यक संख्या पुऱ्याउने अंकगणितीय खेल सुरु भएको छ । सत्ताका लागि हरेक सांसदको महत्त्व र मूल्य अकासिएको छ ।

कामचलाउ सरकारले अदालतमा विचाराधीन मुद्दामा आममाफीको अध्यादेश-राज आरम्भ गरेको छ । संविधानको रक्षार्थ खडा गरेको भनिएको सत्ता गठबन्धनले नयाँ जनादेशको अवमूल्यन गर्दा अपेक्षित आलोचना गायब छ ।

योसँगै भावी सरकार र त्यसको मार्गचित्रको आकलन पनि भइरहेको छ । र, त्यो एकदमै निराशाजनक छ । भारतका नेताजी सुभाषचन्द्र बोसले भनेका छन्, 'जीवनमा, विशेष गरी राजनीतिमा कुनै पनि चीज यति हानिकारक हुँदैन जति डामाडोल स्थितिमा रहनु ।' नेपाल डामाडोलको अवस्थामा देखिन्छ ।

**मिश्रित निष्कर्ष**

पहिला, निर्वाचन-२०७९ का केही निष्कर्ष हेरौं । परिणामका मिश्रित निष्कर्ष र चरित्र छन् । तर सबैको साझा मत हो- नेपालीको अवस्थामा परिवर्तनको खोजी । प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा करिब ६१ प्रतिशत मात्र मतदान हुनु अर्थात् कम मत खस्नु पनि यथास्थितिसँग असन्तुष्ट हुनु हो । वैशाखमा सम्पन्न स्थानीय तह निर्वाचनमा करिब ६४ प्रतिशत मत खस्यो, २०७४ सालको स्थानीय तह निर्वाचनमा ७४ प्रतिशत मतदान भएको थियो । २०७४ सालकै प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा करिब ६५ प्रतिशत मत खसेको थियो । भनेपछि निर्वाचनमा सहभागिता क्रमशः कम हुँदै गएको छ । पुराना दललाई मत दिँदा थाकेका नागरिक मतदानमा इच्छुक भएनन् । नयाँलाई हेरौं भन्ने खालका मतदाताले नयाँलाई मतदान गरे । नयाँ पार्टी र पुराने पार्टीका पनि नयाँ उम्मेदवारप्रति विश्वास देखियो ।

गठबन्धन अर्को महत्त्वपूर्ण पक्ष रह्यो । गठबन्धनका कारण उम्मेदवार छनोट गर्ने नागरिक अधिकार अपहरित भयो । बीपी कोइरालाले 'मतदातालाई राम्रा व्यक्ति छान्ने मौका नदिँदा चुनाव निरर्थक अभ्यास मात्र हुन्छ' भनेका थिए, यो निर्वाचन त्यस्तै भयो । गठबन्धन/तालमेलको सफलताबारे आत्मरतिका लागि अनेक बहाना र कोणबाट अनुकूल व्याख्या गर्दा हुन्छ । जस्तो कि, माओवादी निकै खुम्च्यो, त्यही पनि प्रचण्ड यसलाई प्राप्ति ठान्छन् ।

निर्वाचनमा पार्टीहरू एक्लाएक्लै प्रतिस्पर्धामा उत्रेका भए वास्तविक हैसियत थाहा हुन्थ्यो, त्यसबाट नागरिक वञ्चित भए । २०७४ सालमा पनि यस्तै भयो । पहिलो पटक मतदान गर्ने युवाबाहेक राजनीतिप्रति चरम निराशा यहाँ अभिव्यक्त भएको छ । युवाको भने राजनीतिप्रति अनपेक्षित चासो बढ्यो र त्यसले निर्णायक हस्तक्षेप पनि गऱ्यो ।

अब केही मिश्रित निष्कर्ष हेरौं । विकास मात्रै कि स्वच्छन्दता पनि ? रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पाँच महिनामै समानुपातिकमा माओवादी हाराहारी मत ल्याएर चौथो शक्ति बन्यो । माओवादीले ११.२८ प्रतिशत मत ल्याउँदा रास्वपाले १०.८५ प्रतिशत ल्यायो । प्रत्यक्षतर्फ यो पार्टीले काठमाडौं, ललितपुर र चितवनमा सानदार सफलता पायो । धरान र बुटवलजस्ता सहर, राजमार्गनजिक रहेका क्षेत्रमा उल्लेख्य मत पायो । बजेटको दृष्टिले तुलनात्मक रूपमा बढी छुट्याइएका/खर्च गरिएका वा विकास भएका क्षेत्र यी हुन् । 'विकास हेर्न चितवन आउनू' भन्ने प्रचण्डलाई गोरखाले उद्धार गऱ्यो । माधव नेपाल काठमाडौं छाडेर रौतहटबाट निर्वाचित भए ।

सहरी र खास गरी युवा मतदाताले अधिक व्यक्तिगत स्वतन्त्रता र स्वच्छन्दताको प्रयोग गरे । आधारभूत विकासपछि व्यक्तिगत स्वतन्त्रताको खोजी भएको अन्यत्र पनि देखिन्छ । प्लेटोले भनेजस्तो 'प्रजातन्त्रमै अराजकता र विविधता पनि समावेश' हुन्छन् । नयाँ दलभित्र यो अंश पनि छ । पुराना दल वा नेतृत्व उस्तै हुन् भन्ने ठहरमा युवा पुगे ।

उनीहरूले आफ्नो प्रतिनिधित्व खोजे । विचार, दल, जेलनेल, अग्रगामी, पश्चगामीजस्ता भाष्य र योग्यता यहाँ अर्थहीन भए । त्यसो भए यो पुराना दलहरूप्रतिको वितृष्णा हो ?

त्यस्तै पनि देखिँदैन । समानुपातिकमा २०७४ सालमा एमाले र कांग्रेसले पाएको मतमा उल्लेख्य कटौती भयो तर फेरि ठूला पार्टी यिनै भए । त्यस बेला ३३.२५ प्रतिशत मत ल्याएको एमाले अहिले २७.३१ र ३२.७८ प्रतिशत ल्याएको कांग्रेस अहिले २६.०६ मा सीमित भए, तथ्यले मुख्य दल खुम्चेको देखाउँछ । १३.६६ प्रतिशत मत ल्याएको माओवादी अहिले ११.२८ मा झऱ्यो ।

तर त्यस बेला २.०६ प्रतिशत ल्याएर राष्ट्रिय पार्टी हुन नसकेको राप्रपा अहिले ५.६५ प्रतिशत ल्याएर राष्ट्रिय बन्यो । यी पार्टीको मत कसले खोस्यो ? रास्वपा र राप्रपाले खोसे । मधेशको हकमा जसपा र लोसपाको मत सीके राउतको जनमत पार्टीले लियो ।

पुरानाप्रतिको असन्तुष्टि हो भने राप्रपाले कसरी सफलता पायो ? पुराना पार्टी र नेताबाट हुँदैन भन्ने सहरी मतदातामध्ये उल्लेख्यले राप्रपालाई पनि मत दिए । परिवर्तनको कोणबाट हेर्दा राप्रपा पुरातन सोच राख्ने पार्टी हो र राजतन्त्र पुनःस्थापना उसको एजेन्डा हो । चितवनबाट विक्रम पाण्डे,

बाँकी तेस्रो पृष्ठमा

## चीरहरणमा......

निस्वार्थ योगदान देशको समृद्धिका लागि अति आवश्यक सर्त हो। पार्टीहरूसँग राजनीतिक अभिव्यक्ति भएका घोषणापत्र चाहिँ हुन्छन्। ती योजनालाई सार्थक बनाउन अब्बल मानिसको आवश्यकता हुन्छ। यसका लागि राष्ट्रियसभा वा समानुपातिक तर्फबाट विभिन्न समूहका शीर्ष अनुभवी, विज्ञ र विद्वान् अभ्यासकर्ताहरूलाई राज्य सञ्चालनमा योगदान दिन सहजीकरण गर्नुपर्छ।

समानुपातिक अथवा अन्य सदनजस्ता प्रावधानमा राजनीतिक मानिस नै ल्याउँदा त्यसले कुनै नयाँ अतिरिक्त अनुभव र ज्ञानलाई संसद्मा ल्याउँदैन। राजनीतिकै नाच नाच्ने र सिद्धान्तकै गीत गाउने अनि नातागोता र पारिवारिक सदस्यलाई ल्याउँदा देशले विविध आयामका विशेषज्ञताबाट वञ्चित हुन्छ। तसर्थ, समानुपातिकमा संख्या होइन, सोचको प्रतिनिधित्व हुनुपर्छ। मान्छे होइन मुद्दा प्रमुख बन्नुपर्छ। दल र व्यक्ति होइन बहुआयमिक विज्ञताको प्रतिनिधित्व रहनुपर्छ।

राष्ट्रियसभा र समानुपातिकता जनसंख्याको अनुपात नभई देशलाई समृद्ध बनाउन चाहिने विविध प्रकारका योगदानको अनुपातको प्रतिनिधित्व हो। देशको सामूहिक र सर्वांगिण विकासको प्रस्ट योजना कार्यान्वयन गर्न आवश्यक दक्ष, अनुभवी, विज्ञ, पेसाकर्मी, वैज्ञानिक र विशेषत: गैरराजनीतिक चरित्रको सामर्थ्यसम्पन्न जनशक्ति जमघट गराउने सुनौलो परीक्षण हो। तर हाम्रो राजनीतिमा यस्तो अभ्यास हुन सकेन।

निरन्तर अप्राविधिक, अनभिज्ञ मानिसको प्रधानता रहँदा राजनीतिले देशलाई विकासको गतिमा दौडाउन सक्दैन। उनीहरूसँग भाषण गर्दै नारा घोकाएर, झन्डा बोकाएर जनतालाई वुद्धिविलासमा अल्मल्याउने कौशलता हुन्छ। तर कसरी विकासोन्मुख गतिविधिको सघनता सम्भव बनाउने भन्ने प्राविधिक ज्ञान कम हुन्छ। तसर्थ राजनीतिमा विभिन्न क्षेत्रका विज्ञ मानिसहरूको पदार्पण आवश्यक पर्छ। अमेरिकाको राजनीतिक अभ्यासमा पछिल्लोपटक वकिलको संख्या अधिक छ। आर्थिक विकासमा द्रुतगति लिएका बाघ अर्थतन्त्र मानिने चीन, जापान, दक्षिण कोरिया, भियतनाममा प्राध्यापक विद्वान् तथा वैज्ञानिकहरूको राजनीतिक मनोनयन उच्च देखिन्छ।

यसरी कुनै अन्य पेसागत क्षेत्रमा लामो समय काम गरेका विज्ञ मानिस राजनीतिमा आउँदा कम्तीमा दुईवटा फाइदा हुन्छ। उनीहरूले जीविकोपार्जनका लागि देशको ढुकुटी दुरुपयोग गर्नु पर्दैन। उनीहरूसँग आफ्नो क्षेत्रको द्रुततर अभिवृद्धि गर्न प्रशस्त अनुभव र कौशलता हुन्छ। अवसर केलाउने क्षमता रहन्छ, चुनौतीको बोध गर्ने ज्ञान हुन्छ। तसर्थ

विभिन्न क्षेत्रबाट चामत्कारिक पात्र राजनीतिमा ल्याउने प्रयास हुन्छ। देशको विकासमा विशेष सल्लाह र सहायता लिन अन्य क्षेत्रका प्राविधिक, विज्ञ र विश्वासिला मानिसलाई समेट्न समानुपातिकताको प्रयोग हुनुपर्छ।

नेपालमा भने राष्ट्रियसभा तथा समानुपातिकता विज्ञताबाट राजनीतिक भीडमा अनि भीडबाट पनि संकीर्ण परिवारवादमा जाँदैछ। राष्ट्रियसभा र समानुपातिक राजनीति प्रदूषित गर्ने विषादी बन्दैछ। समानुपातिक लोकतन्त्रको भद्दा मजाक हुँदैछ। यथाशक्य यथोचित सुधार नभए निकट भविष्यमा यो अभ्यास देश र राजनीतिका लागि अवैज्ञानिकमात्र हैन, आत्मघाती पनि हुन सक्छ।

समानुपातिकमा छानिएका सदस्यलाई आत्मसुखानुभूति त होला तर आम नागरिकबाट सम्मान चाहिँ सायदै हुन्छ। अधिकांश ती सदस्यले देशप्रति आफ्नो अहिलेसम्मको योगदान र भविष्यमा दिन सक्ने विज्ञताको स्वमूल्यांकन गर्दा आफैंलाई लाज लाग्न सक्छ। यो दलले चाहिँ योग्य र दक्ष मानिसलाई प्रतिनिधित्व गरायो है भन्ने वातावरण कसैले निर्माण गर्न सकेनन्। यस्तै हर्कतको कारण दलहरूले विश्वास गुमाउँदै गएको देखिन्छ।

दलहरूलाई निर्वाचनको परिणामले दु:ख महसुस भएको त होला। सोचेको परिणाम नआएकोमा अलिक अफसोच त लागेकै होला। तर उनीहरू नागरिक भावना बुझ्न र लोकप्रिय काम गर्न तयार छैनन्। उनीहरू सुधार्न प्रयास गर्दैनन् भन्ने स्पष्ट सन्देश चाहिँ विचरण गरेको छ। यस पटकको निर्वाचनबाट केही सन्देश आत्मसात् गरेर दलहरू सुध्रन्छन् कि भन्ने झिनो विश्वासलाई समानुपातिकको सूचीले अझै दूर बनाएको छ। समानुपातिकको सूची गनाएको छ।**साभार अन्नपूर्णपोष्ट्**

## राजनीति......

हेटौंडाबाट दीपक सिंह, बुटवलबाट दीपक बोहोराले निर्वाचन जिते। परिवर्तन खोज्ने पनि सहरमा, पुरातन विचारको संरक्षण गर्ने पनि सहरमै देखिए।

सहरका दुई खाले मतमध्ये चरम स्वच्छन्दताको प्रयोग गर्ने युवा पुस्ताको छनोटमा रास्वपा पर्‍यो, यहाँ वैचारिक एजेन्डा नै थिएन। अर्को परिवर्तनकारी शक्तिको सत्ताले थिचिएको पुरातन शक्ति असन्तुष्टि अभिव्यक्त गर्ने हैसियतमा पुग्यो। संघीयता र धर्मनिरपेक्षता विदेशीद्वारा थोपरिएको भन्ने भाष्यलाई राप्रपाले स्थापित गर्ने प्रयास गर्‍यो। रास्वपा र राप्रपामा साझा के छ भने, दुइटैले भ्रष्टाचारलाई एजेन्डा बनाएका छन् भने संघीयताविरुद्ध आफूलाई उभ्याएका छन्।

राप्रपाको शक्ति विस्तारमा नयाँ नेतृत्वप्रतिको विश्वास पनि थपियो। राजेन्द्र लिङ्देनले पार्टीलाई सामूहिक नेतृत्व प्रणालीतर्फ लैजाने प्रयास गरे, निष्क्रिय भएका पूर्वपञ्चदेखि युवासम्म सबैलाई पार्टीमा आउन खुला आह्वान गरे, आफूलाई जनताबीच विनम्रतापूर्वक प्रस्तुत गरे।

अर्को, राष्ट्रिय पहिचानको खोजी। सीके राउत नेतृत्वको जनमत पार्टीको उदय मधेश प्रदेश र देशकै लागि ठूलो राजनीतिक विकास हो। राउत अलग मधेशको एजेन्डासहित क्षेत्रीय राजनीतिमा प्रवेश गरेका भए पनि अन्तत: शान्तिपूर्ण प्रतिस्पर्धामार्फत नै मधेशको एक प्रमुख शक्तिमा स्थापित भएका छन्।

राउतले संघीयता स्थापनाको नेतृत्व गर्ने र मधेशी पहिचानको नारा भित्र्याउने जसपाका अध्यक्ष उपेन्द्र यादवलाई ठूलो मतान्तरमा पराजित गरे। जसपाले सत्तामा पुगेपछि मधेशी जनताका लागि केही पनि नगर्ने र विपक्षमा पुगेपछि चर्को नारा लगाउने पहिचान बनाएपछि मधेशी जनताले जनमत पार्टीलाई विकल्प ठाने। एमाले मधेशमा ठूलो पार्टी हुनु पनि उसले नेतृत्व गरेको राष्ट्रिय पहिचानको मुद्दा हो।

त्यस्तै, परिणामले वैचारिक राजनीति स्खलित हुँदै गएको देखाउँछ। एमाले, कांग्रेस र माओवादीका आफ्ना वैचारिक र सैद्धान्तिक दर्शन छन्; त्यसमा इमानदार भने छैनन्।

रवि लामिछाने, सीके राउत र रेशम चौधरीका मूल सैद्धान्तिक र वैचारिक दर्शन नै छैनन्। नयाँ भएकाले सत्तामा अवसर नपाउँदासम्म पुराना दलले देश बरबाद पारे भन्ने नैतिक शक्ति भने उनीहरूसँग छ। तर वैचारिक स्पष्टता नहुँदा मुद्दाका आधारमा लोकप्रियतावादी हुने र गम्भीर मुद्दामा मौनता साध्ने सम्भावना देखिन्छ। विदेश सम्बन्धजस्ता संवेदनशील र जल्दाबल्दा विवादास्पद मुद्दामा यी नयाँ पार्टी प्रस्ट देखिँदैनन्। त्यसो भए वैचारिक धार भएका पार्टीहरूले चाहिँ यतिका वर्ष के गरे भन्नेतिर घोत्लिँदा प्रश्न तेर्स्याउनुको औचित्य स्थापित हुँदैन। विचारप्रति आकर्षण वा विकर्षण भएर नयाँ पार्टी वा पुराना पार्टीतिर मत विभाजित भएको देखिँदैन। अर्थात्, बिस्तारै विचार गौण र जल्दाबल्दा मुद्दाप्रतिको दृष्टिकोण प्रधान हुँदै छ।

कठिन यात्रा

देउवा नेतृत्वको गठबन्धनलाई एउटा र एमाले नेतृत्वको तालमेललाई अर्को शक्ति मान्दा गठबन्धनको सिट बढी छ। यद्यपि सरकार सञ्चालनका लागि आवश्यक बहुमत उसको पनि पुग्दैन। त्यसैले यो गठबन्धनभित्र सीके राउत र रेशम चौधरीलाई पनि भित्र्याउने प्रयास गठबन्धनका नेताहरूले गरिरहेका छन्। जनमत पार्टीले सरकारमा सहभागी हुने निर्णय गरिसक्यो भने रेशमको पार्टीको समर्थन पाउन उनलाई आममाफी दिने अध्यादेश राष्ट्रपतिमा पठाइसकिएको छ। त्यसो हुँदा गठबन्धनकै सरकार बन्ने सम्भावना छ। तर प्रधानमन्त्री देउवा नै हुन्छन् वा उनकै प्रस्तावमा प्रचण्ड वा कांग्रेसकै अरू कोही बन्छन्, भन्न सकिँदैन। फेरि, निर्वाचनको पूर्ण परिणाम नआउँदै जसरी सरकार गठनमा बाह्य चासो र दौडधुप सुरु भएको छ, त्यसले पटक्कै सकारात्मक संकेत गरेको छैन। तुलनात्मक रूपमा स्थिर सरकार बनाउने हो भने कांग्रेस र एमालेको सरकार बनाउनुपर्छ तर त्यसमा देउवा स्वयम् नै इच्छुक हुँदैनन्। फेरि अस्थिरतामा अवसर देख्ने घरेलु र बाह्य शक्तिले यस्तो सरकार बन्न दिँदैनन्, त्यसका नेपाली मोहरा चिनिएकै छन्।

एउटा स्वाभाविक प्रश्न उठ्छ– निर्वाचनबाट के परिवर्तन भयो त ? यही अक्षम र असफल गठबन्धन सरकारबाट के अपेक्षा राख्न सकिन्छ ? बिग्रँदो अर्थतन्त्रको सुधारदेखि बाह्य समुदायसँग नेपाली राष्ट्रिय अडान प्रस्तुत गर्न अब बन्ने सरकारले सक्छ ? यस्ता थुप्रै प्रश्न अनुत्तरित छन्। असफल भएको नेतृत्वबाट चामत्कारिक आशा राख्नु मूर्खता हुन्छ। माओवादीबाट सत्तामा युवा पुस्ताले मौका पाउने सम्भावना छैन, कांग्रेसमा देउवालाई संसदीय दलको नेतामा पराजित गर्ने हैसियत गगन थापाले राख्ने देखिँदैन। त्यसो हुँदा पार्टीहरू नयाँ आए पनि सत्तामा पुरानैको पकड देखिन्छ।

यस्तो अवस्थामा सत्तामा सहभागी नभएमा रास्वपा र राप्रपा संसद्मा चर्को रूपमा प्रस्तुत हुनेछन् तर उनीहरूमा जवाफदेही कम हुनेछ। त्यसैले मुख्य भूमिकामा फेरि पनि एमाले रहनेछ। सत्ताको अपेक्षित अराजकता, कुशासन र त्यसले सृजना गर्ने निराशालाई चिर्ने अवसर प्रतिपक्षलाई

प्राप्त हुनेछ। त्यसका लागि एमालेले संसद्मा रचनात्मक र प्रभावकारी प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। सत्तामा नरहेपछि प्रतिपक्षीका रूपमा जनताका मुद्दालाई उठाउन सकेन भने एमालेको औचित्य पनि स्थापित हुन सक्दैन।

प्रश्नैप्रश्नको सतही राजनीति गर्नु र जवाफसहितको उत्तरदायी राजनीति गर्नुमा फरक हुन्छ। नयाँ पार्टीहरू परीक्षणमा छन् तर पुराना पार्टीहरूलाई त्यो अवसर पनि छैन। आफ्ना अयोग्यता र अव्यवस्थाका कारण नयाँको उदय भएको ठानेर दल सच्चिनुभन्दा अर्को विकल्प छैन।साभार : कान्तिपुर

# उत्तर कोरियाद्वारा ब्यालेस्टिक मिसाइल प्रहार



एजेन्सी,काठमाडौं – उत्तर कोरियाले कोरियाली प्रायद्वीपको पूर्वी तटबाट समुद्रतर्फ दुई मध्यम दूरीका ब्यालेस्टिक मिसाइल प्रहार गरेको बताइएको छ। दक्षिण कोरिया र जापानका अधिकारीहरूले यस्तो बताएका हुन्।

दक्षिण कोरियाका उच्च सुरक्षा अधिकारीले उत्तर कोरियाको टोङ्चाङ-री क्षेत्रबाट आइतबार बिहान करिब ५० मिनेटको दूरीमा उक्त ब्यालेस्टिक मिसाइल प्रक्षेपण गरिएको दाबी गरेका हुन्। यद्यपि यसबारे विस्तृत विवरण दक्षिण कोरियाली पक्षबाट पनि सार्वजनिक भएको छैन।

यस्तै जापानी रक्षामन्त्रीले उक्त मिसाइल ५५० किमी उचाइमा उड्दै २५० किमीको दूरी ओगटेको बताएका छन्। जापानका सहायक रक्षामन्त्री तोसिरो इनोले देशको विशेष आर्थिक क्षेत्र बाहिर मिसाइल अवतरण भएको देखिएको बताए। त्यहाँ कुनै क्षतिको विवरण भने आएको छैन।उत्तर कोरियाले इन्धन मोटर परीक्षण गरेको जनाएको तीन दिनमै ब्यालेस्टिक मिसाइल प्रहार गरेको हो। यसपटक मिसाइल इन्जिनको परीक्षण उत्तर कोरियाली नेता किम जोङ उनले निरीक्षण गरेको पनि बताइएको थियो। पछिल्लो समय उत्तर कोरियाले शक्तिशाली मिसाइल परीक्षणलाई तीव्र बनाएको छ।उत्तर कोरियाले बारम्बार मिसाइल परीक्षण गर्दै अमेरिकालाई धम्की दिने गरेको छ। अमेरिकाले भने उत्तर कोरियाको यस्तो गतिविधि रोक्न चेतावनी दिने गरेको छ।

# बेलायतमा पढाइ छाड्दै 'वर्क पर्मिट' मा




**बेलायतको लन्डनस्थित वेस्ट लन्डन विश्वविद्यालय परिसरमा विद्यार्थी ।तस्बिर : एजेन्सी**

**नवीन पोखरेल**

लन्डन – युनिभर्सिटी अफ वेस्ट लन्डनमा इन्टरनेसनल टुरिजम एन्ड एभिएसन म्यानेजमेन्टमा स्नातकोत्तर गर्न सेप्टेम्बरमा बेलायत आइपुगेका एक नेपाली विद्यार्थी तीन महिनामा नै पढाइ छाड्ने तयारीमा छन्। पढाइ खर्च वार्षिक १४ हजार ७ सय ५० पाउन्ड (झन्डै २२ लाख रुपैयाँ) मध्ये आधा तिरेर बेलायत टेकेका उनी पछिल्लो केही दिनयता वर्क पर्मिटको चक्करमा लागेका हुन्।'विश्वविद्यालयलाई बुझाउनुपर्ने बाँकी रकममा केही थपेर एजेन्टलाई बुझाए वर्क पर्मिट नै पाइने रहेछ,' उनले भने, 'पढाइमै अल्झिरहन झन्झटिलो र खर्चिलो हुने भएकाले मन फेरेको हुँ।'

त्यस्तै, युनिभर्सिटी अफ सेन्ट्रल ल्यांकसायरमा स्नातक (अनर्स) बिजनेस एन्ड म्यानेजमेन्ट पढ्न साढे तीन वर्षको भिसा लिएर गत जनवरीमा बेलायत आएका थिए रोशन सापकोटा। तीन वर्षको कोर्स, वार्षिक ९ हजार २ सय ५० पाउन्ड शुल्क। पहिलो वर्षको पढाइ शुल्क नेपालबाटै तिरेर आएका भए पनि पढाइ सकुन्जेल थप ३० लाख रुपैयाँ लाग्ने भएपछि उनले पनि पढाइलाई निरन्तरता दिएनन्।त्यसका साथै, आफू उत्तीर्ण हुन्छु भन्ने आत्मविश्वास पनि निकै झिनो छ उनमा। द्विविधा र सास्तीबीच उनले विद्यार्थी भिसालाई वर्क पर्मिटमा परिवर्तन गर्ने निधो गरेर एक बंगाली रेस्टुरेन्ट व्यवसायीलाई १० हजार पाउन्ड बुझाइसकेका छन्। 'सर्टिफिकेट अफ स्पोन्सरसिप' को प्रतीक्षामा रहेका उनले छिट्टै स्किल्ड वर्कर भिसाका लागि आवेदन दिने तयारी गरिरहेको बताए। बेलायत पस्न विद्यार्थी भिसा अनि यहाँ आइपुगेपछि वर्क पर्मिट। पछिल्लो समय अन्तर्राष्ट्रिय विद्यार्थीहरू अध्ययनका लागि बेलायत आएर स्किल्ड वर्कर भिसा सिस्टममा जाने क्रम ह्वात्तै बढेको छ। पढाइबीचमै छाडेर विद्यार्थीहरू खास गरी केयर र हस्पिटालिटी क्षेत्रमा वर्क पर्मिट भिसातर्फ आकर्षित हुन थालेका हुन्।यो प्रवृत्ति नेपाली विद्यार्थीमाझ पनि बढ्दै गएको छ। कम्तीमा १० देखि १५ हजार पाउन्ड (करिब २० लाख रुपैयाँ) तिरेर विद्यार्थी वर्क पर्मिट (टियर टु) क्याटेगोरीमा स्वीच भइरहेका छन् उनीहरू। अध्ययनभन्दा कमाउन र बेलायतमै 'सेटल्ड' हुन इच्छुक नेपालीले एक वर्षको विश्वविद्यालय फी खर्च गरे ५ वर्षको वर्क पर्मिट किन्न पाइने भएकाले पनि भिसा परिवर्तन गर्न प्रेरित भएका देखिन्छन्।सरकारको यो लचिलो नयाँ प्रणालीले नेपाली विद्यार्थी, व्यवसायी, एजेन्ट र दक्षिण एसियालीमूलका व्यापारीका साथै सोलिसिटरहरू समेत लाभान्वित भएका छन्। पहिलो, होम अफिसबाट मान्यता प्राप्त रोजगारदाताले जागिर अफर गरे विद्यार्थी रुटबाट बिनाडिग्री सजिलै स्टाटस परिवर्तन गर्न सकिन्छ। दोस्रो, अन्तर्राष्ट्रिय विद्यार्थीलाई पढाइमै रहे महँगो पढाइ खर्च र उत्तीर्ण गर्नुपर्ने झन्झट भएकाले पनि छिटो सेटल्ड हुन पनि विद्यार्थीहरू वर्क पर्मिटतर्फ लागेका हुन्। भिजिट भिसा, सिजनल भिसा र छोटो अवधिको अध्ययन भिसा भएकाले भने स्किल्ड वर्कर रुटमा जान मिल्दैन।बेलायतको सरकारी तथ्यांकअनुसार २०२१ देखि एक वर्षभित्र झन्डै २ लाख ४९ हजार जनाले वर्कर भिसा पाएका छन्। सन् २०१९ को कोभिड महामारीको तुलनामा यो ८२ प्रतिशतले बढी हो। बेलायत सरकारले युरोपेली संघ (ईयू) छाडेपछि संसारभरिका प्रतिभावान् तथा दक्ष कामदार भित्र्याउने उद्देश्यसहित सन् २०२१ को जनवरीदेखि अंकमा आधारित नयाँ भिसा प्रणाली सुरु गरेको थियो।'स्किल्ड वर्कर भिसा' का लागि रोजगारदाताबाट जागिरको अफर, न्यून तहको अंग्रेजी र कमाइ वार्षिक न्यूनतम २५ हजार ६ सय पाउन्ड चाहिन्छ। आप्रवासी कामदारहरूले भिसाका लागि योग्य हुन कुल ७० अंक ल्याउनुपर्नेछ जसमा मान्यताप्राप्त रोजगारदाताबाट दक्ष सीपयुक्त जागिरको अफरले ४० अंक, अंग्रेजी भाषाबाट १० अंक र वार्षिक तलब कम्तीमा २५ हजार ६ सय हुँदा २० अंक प्राप्त गर्न सक्नेछन्। भिसा अवधि ५ वर्षसम्म हुनेछ।

बेलायतले सामान्य, प्रभावकारी र लचिलो उक्त प्रणालीले रोजगारदातालाई आवश्यकताअनुसार दक्ष जनशक्ति भर्ना गर्न र बेलायतको 'वर्क फोर्स' लाई प्रशिक्षित र लगानी गर्न प्रेरित गर्ने अपेक्षासहित यो रुट लागू गरेको हो। नयाँ नियमका कारण तेस्रो मुलुकबाट सिधै वर्क पर्मिटमा आउन वा विद्यार्थी भिसामा बेलायतमै आएपछि रुट परिवर्तन गर्न सहज बनेको कानुनविद् महेशकुमार दाहाल बताउँछन्।बेलायत ईयू सदस्य हुँदा युरोपेली नागरिकलाई बेलायतमा चाहेजति बस्न र काम गर्न अधिकार थियो। तर, अहिले युरोपेली र अन्य मुलुकका नागरिकका लागि समान अध्यागमन नियम लागू छ। कामदार अभाव पूरा गर्न पनि सरकारले यसमा लचिलो नीति ल्याएको अध्यागमन सल्लाहकारहरूको बुझाइ छ।ब्रेक्जिटसँगै युरोपबाट बेलायत खुला आवागमन बन्द भएपछि गैरईयू मुलुकबाट काम गर्न र पढ्न आउने मानिसहरूको संख्या बढ्ने अनुमान गरिएको छ। बेलायतको लिड्स विश्वविद्यालयमा अन्तर्राष्ट्रिय कानुनका प्राध्यापक प्रा. सूर्यप्रसाद सुवेदी (क्यूसी) बेलायतमा प्रतिस्पर्धा र गुणात्मक क्षमताको भरमा सबैले प्रगति गर्न सक्ने वातावरण भएकाले पनि यहाँ विश्वभरका मानिसको रोजाइ भएको बताउँछन्।

## निर्वाचन.........

उनीसँगै श्रीमान पनि आयोग पुगेका थिए। पार्टीले कामको मूल्यांकन गरेर र आफ्नो भाग्यले पनि साथ दिँदा सांसद बन्न पुगेको उनको भनाइ थियो। चार महिने छोरीले झन् आत्मविश्वास र शक्ति दिइरहेको उनको भनाइ थियो। 'महिलाहरूलाई यहाँसम्म पुग्न एकदम गाह्रो हुन्छ। समाजले नै बाधा ल्याइरहेको हुन्छ। मेरो राजनीतिक यात्रा धेरै लामो छैन, स्थानीय तह निर्वाचनदेखि राप्रपामा लागेकी हु,' उभनले भनिन्। महिला र विकासका मुद्दा आफूले संसद्मा उठाउने उनको भनाइ थियो।

उनी गत वैशाख ३० को स्थानीय तह निर्वाचनमा वीरगन्ज महानगरपालिकाको उपमेयरमा पराजित भएकी थिइन्। आफ्नो पार्टी राप्रपाले उठाएका मुद्दा पनि देशकै लागि भएको बताउँदै उनले स्थानीय तह बलियो बनाउने, भ्रष्टाचार अन्त्य गर्ने र खर्चिलो राज्यप्रणालीको अन्त्य गर्नुपर्ने आवाज संसद्मा उठाउने बताइन्।

# निर्वाचन आयोग लाइभ : समानुपातिक सांसदका गच्छेअनुरूप एजेन्डा

काठमाडौँ – निर्वाचन आयोगको कार्यकालय बहादुर भवनको प्रांगणमा आइतबार प्रतिनिधिसभा र प्रदेशसभामा समानुपातिक तर्फबाट सांसद बनेकाहरूलाई प्रमाणपत्र प्रदान गर्ने कार्यक्रम थियो । त्यहाँ पुगेकी थिइन् २८ वर्षीया लक्ष्मी घिमिरे ।

रामेछापकी घिमिरे तीनपांग्रे स्कुटर चढेर बहादुर भवनस्थित निर्वाचन आयोग पुगेकी थिइन्। वाग्मती प्रदेशसभा सदस्य निर्वाचित भएको प्रमाणपत्र बुझ्न आएकी उनी स्कुटरबाट झरेर आयोगको प्रांगणमा आयोजित सभातिर लागिन् । त्यहाँसम्म पुग्न उनलाई सहयोगीले साथ दिएका थिए । आयोगका सचिव गोकर्णमणि दुवाडीबाट बाग्मती प्रदेशसभा सदस्यको प्रमाणपत्र लिएपछि घिमिरेलाई प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियासहित आयुक्तहरूले बधाई तथा शुभकामना दिए। त्यसपछि उनी राप्रपाबाट समानुपातिक सांसद बनेका पशुपतिशमशेर जबराकहाँ पुगेकी थिइन् ।२०६६ सालमा भीरबाट लडेर मेरुदण्डको हड्डीमा चोट लागी शारीरिक रुपमा अपांग बनेकी घिमिरे राष्ट्रिय प्रजातन्त्र पार्टीबाट समानुपातिक प्रणालीमार्फत वाग्मती प्रदेशसभा सदस्य निर्वाचित भएकी हुन् ।त्यसरी ह्वीलचेयरमा आएर प्रमाणपत्र लिने एकमात्र सांसद घिमिरेले प्रदेशसभामा आफूले अपांगका मुद्दा उठाउने बताइन् । राज्यले अपांगता भएका नागरिकहरूप्रतिको जिम्मेवारीबारे आफूले आगामी दिनमा आवाज उठाउने उनको भनाइ थियो। 'सामाजिक सुरक्षा तथा राज्यले अपांगता भएका व्यक्तिहरूलाई हेर्नुपर्छ भन्ने आवाज प्रदेशसभामा उठाउनेछु । खेलकुदका क्रममा अपांगता भएका व्यक्तिहरूलाई पनि राज्यले हेर्नुपर्छ भन्ने मेरो माग हुनेछ,' राजनीतिक दलहरूलाई उनको आग्रह थियो, 'भोट बैंकको रूपमा मात्रै प्रयोग नगरी अपांगता भएका व्यक्तिहरूको राजनीतिक अधिकार पनि सुनिश्चित गराउनुपर्छ भन्ने मेरो माग छ ।' उनी काठमाडौंको पद्मकन्या क्याम्पसमा राजनीति शास्त्रमा स्नातकोत्तरको अध्ययन पनि गरिरहेकी छन् ।संघीय संसद् प्रतिनिधिसभामा सबैभन्दा कम उमेरकी सांसद बनेकी राष्ट्रिय स्वतन्त्र पार्टीकी निशा डाँगीले प्रमाणपत्र लिँदैगर्दा उनको पार्टीका सदस्यहरूले ताली बजाएका थिए । प्रमाणपत्र लिएपछि पार्टी केन्द्रीय कार्यालयमा बोलाइएको बैठकमा जानका लागि हतारमा रहेकी उनीसँग तस्बिर खिचाउनेको संख्या उल्लेख्य थियो। सांसद तथा पार्टी कार्यकर्ताहरूले उनीसँग तस्बिर खिचाइरहेका थिए ।१७ वर्षको उमेरदेखि सामाजिक कार्यमा लागेकी बताएकी निशा आफ्नो राजनीतिक उमेर भने ५ महिना मात्रै रहेको बताउन हिच्किचाइनन् । पत्रकारितामा रहेका बखत राजनीतिलाई नजिकबाट बुझ्ने मौका पाएको बताउँदै उनले सांसदका रूपमा कसरी भूमिका निर्वाह गर्ने भन्ने कुरा मनमा खेलिरहेको बताइन् । 'हामीसँग धेरैको ठूलो अपेक्षा छ । कतिपयले सानै छ के गर्छौं पनि भन्नुहुन्छ । मलाई कान्छी सांसद भनेर उमेरको हिसाबले चिनिनु भन्दा पनि कामले नाम बनाउनुछ,' उनले भनिन्, 'म सबै जान्ने छु भनेर मन्दैन । विज्ञहरूको सल्लाहअनुसार पार्टी पनि चल्छ र म पनि चल्छु ।'संसद्मा के कस्तो काम गर्नुपर्छ भनेर विगतमा सांसद भइरहेकाहरूसँग अलिअलि सल्लाह गरिरहेको बताउँदै निशाले भनिन्, 'पाँच वर्षको कार्यकाल सकिएपछि कस्तो होला भन्ने कल्पना त गरेको छैन तर काम गरौं भन्ने छ। गर्दै जाउँ, के-के सकिन्छ।'विद्यार्थी राजनीतिबाट संसद्को यात्रा तय गरेकी एमालेकी सुनिता बराललै शिक्षा क्षेत्र आवाज जनप्रतिनिधिको सर्वोच्च थलोमा उठाउने बताइन्। उनले कानुन निर्माणका साथै सरकारलाई शिक्षा क्षेत्रका समस्या समाधानमा लाग्नका लागि आफूले सक्रिय भूमिका निर्वाह गर्ने योजना आफूले बुनेको उनको भनाइ थियो । 'समृद्धिका कुरा गर्नबाट कुनै पनि राजनीतिक दल चुकेको छैन। तर शिक्षामा लगानी गर्ने कुरामा कन्जुस्याँइ गर्छौं । शिक्षा र रोजगारी आकर्षणको क्षेत्र नभई कुनै पनि देश समृद्ध भएको छैन,' उनले भनिन्, 'नेपालमा शिक्षा क्षेत्रमा लगानी बढाउने, रोजगारको पहिलो रोजाइ शिक्षा क्षेत्रलाई बनाउने र राज्यको दायित्व शिक्षालाई बनाउनेमा लाग्नेछु ।' संविधानमा शिक्षा क्षेत्रबारे लिपिबद्ध गरेका कुराहरूलाई व्यवहारमा लागु गर्नका लागि आफूले भूमिका खेल्ने उनले योजना सुनाइन् ।

२०७४ को स्थानीय तह निर्वाचनबाट जुम्लाको चन्दननाथ नगरपालिकाको मेयरमा निर्वाचित भई पाँच वर्ष काम गरेको अनुभवसँगै नेपाली कांग्रेसबाट प्रतिनिधिसभा सदस्य बनेकी कान्तिका सेजुवालले प्रमाणपत्र प्राप्त गर्नु भनेको 'प्रवेश परीक्षा पास हुनु'का रूपमा अर्थ्याइन् । उनले परिणाम पाउन ५ वर्ष कुर्नुपर्ने उनको भनाइ थियो। संसदीय व्यवस्था र अभ्यासअनुसार आफू चल्नुपर्ने तथा जिल्लाको लागि काम गर्ने बताइन् । स्थानीय तहको जिम्मेवारी हेरफेरमा आफूले आवाज उठाउने उनको भनाइ थियो । 'स्थानीय तह प्रमुखलाई कार्यपालिका र स्थानीय तह व्यवस्थापिका प्रमुखको पनि जिम्मेवारी दिएको छ । त्यसलाई परिवर्तन गर्न भूमिका खेल्नेछु,' उनले आफ्ना योजना सुनाइन्, 'प्रधानमन्त्री रोजगार र राष्ट्रिय गौरवका आयोजनाहरू कार्यान्वयनबारे संसद्मा आवाज उठाउने र भूमिका निर्वाह गर्नेछु ।'नागरिकका समस्या के हुन् भन्ने कुरा स्थानीय तहमा रहेर बुझेको बताउँदै सेजुवालले कानुन निर्माणमा आफ्नो अनुभवलाई सदुपयोग गर्ने बताइन् । उनले स्थानीय तहलाई बलियो बनाउन भूमिका खेल्नुका साथै मुलुकका शिक्षा, रोजगारी र भौतिक पूर्वाधार निर्माणका कार्य सम्पन्न गर्न लागिपर्ने सुनाइन् ।मंसिर ४ गतेको निर्वाचनमा हासिल गरेको हैसियतअनुसार आयोगले दलका समानुपातिक सांसदहरूलाई प्रमाणपत्र वितरण गरेको थियो । जसअनुसार सुरुमा कांग्रेसबाट समानुपातिक सांसद निर्वाचित गरेकाहरूलाई प्रमाणपत्र दिइयो । कांग्रेसबाट तेस्रोपटक समानुपातिक सांसद बनेका प्रवक्ता प्रकाशशरण महत र प्रधानमन्त्री शेरबहादुर देउवाकी पत्नी आरजू राणा देउवा भने चौथो बनेको राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरूले प्रमाणपत्र बुझेपछि आयोग पुगेका थिए ।प्रमाणपत्र बुझेपछि महत आयोगबाट बाहिरिएका थिए भने राणाले शेरबहादुर देउवा नै प्रधानमन्त्री बन्ने दाबी गरिन् । प्रतिनिधिसभामा बहुमत सांसदहरूको साथ देउवासँग रहेको बताउँदै उनले भनिन्, 'जितेर आउनुभएको छ। उहाँहरू (अन्य सांसद) ले दाबी गर्नु स्वाभाविक नै हो । तर, प्रजातन्त्र र संसदीय अभ्यासमा एउटा नम्बरको खेल हुन्छ। त्यसबाट निर्धारण हुन्छ कि को पदमा आउँछ भन्ने। मलाई ज्योतिषी ज्ञान त आउँदैन। प्रधानमन्त्री अहिले हेर्दा त शेरबहादुरजी नै हुनुहुन्छ जस्तो लाग्छ। ठूलो दल पनि हाम्रै छ। धेरै संख्या पनि हामीसँगै छ ।'

प्रतिनिधिसभा समानुपातिक सांसदको प्रमाणपत्र बुझ्न चार महिने छोरी बोकेर आएकी थिइन्- विना जयसवाल ।

# कांग्रेस बैठक : महामन्त्रीको प्रस्ताव, सभापतिबाट पास

काठमाडौँ – प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनपछि कांग्रेसमा त्यसको परिणामबारे समीक्षा भएको छैन । चुनावपछि कांग्रेस नेताहरू संसदीय दलको नेता चयनका लागि पार्टीभित्रैको शक्ति संघर्ष र सरकार गठनमा केन्द्रित छन् । आइतबार बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा पनि नेताहरूले बोल्न पाएनन् ।बैठकमा चुनावी परिणामको समीक्षा भएन, भएको छैन । प्रधानमन्त्री एवम् सभापति शेरबहादुर देउवा पार्टीको संसदीय दलको नेता बन्दै फेरि प्रधानमन्त्री बन्ने प्रयासमा छन् ।तर, त्यसको बातावरण मिलाउन देउवालाई सकस परिरहेको छ । जसकारण कांग्रेसमा दर्जनौँ केन्द्रीय सदस्यहरूले चुनावको समीक्षा गर्ने गरी केन्द्रीय समिति बैठकको माग भए पनि त्यसबारे छलफल भएको छैन । एकातिर पार्टीमा संसदीय दलको नेता बन्न समीकरण मिलाउनुपर्ने र अर्कोतिर प्रधानमन्त्री बन्न दलहरूलाई शक्ति बाँडफाँटमा रिझाउनुपर्ने देउवालाई चुनौती छ । त्यसमाथि सांसद्हरूले शपथग्रहण



नगर्दै राष्ट्रपतिबाट सरकार गठनको आह्वान भएपछि देउवा थप दबाबमा परेका छन् ।नेताहरूले आइतबारको बैठकमा छलफल हुने र बोल्न पाउने अपेक्षा गरेका थिए । तर, त्यस्तो हुन पाएन । सभापति देउवाले बैठक सुरू गरे, र प्रस्ताव पेस गर्न महामन्त्रीलाई समय दिए । महामन्त्री विश्वप्रकाश शर्माले प्रस्ताव पेस गरे। फेरि सभापति देउवाले नै ती प्रस्ताव पास भएको घोषणा गरे, अरू नेताले ताली पड्काए। बैठक सकियो ।सहमहामन्त्री महेन्द्र यादवले आइतबारको बैठकमा महामन्त्रीबाट पेस भएका प्रस्ताव सर्वसम्मत पारित गरेर सकिएको बताए । 'भर्खरै चुनाव सकिएको छ, सरकार गठनको होमवर्क चलिरहेको छ, त्यसैले लामो छलफल भएन,' उनले भने, 'तत्काल संसदीय दलको नेता चयन गर्नुपर्ने थियो, त्यही निर्णय भयो । प्रदेशमा पनि संसदीय दलको नेता चयन गर्न निर्देशन दिएका छौँ ।'बैठकले केन्द्रमा संसदीय दलको निर्वाचन गर्नकालागि सहमहामन्त्री भीष्मराज आङ्देम्बेको संयोजकत्वमा पुष्पा भुषाल र प्रकाश रसाइली स्नेही सदस्य रहेको निर्वाचन समिति गठन गरेको छ भने सातै प्रदेश कार्यसमितिलाई संसदीय दलको नेता चयन गर्न निर्देशन दिएको छ ।बैठकले कांग्रेसकै नेतृत्वमा केन्द्र र सात प्रदेश सरकार बन्नुपर्ने दाबी गर्दै त्यसका लागि दलहरूसँग संवाद थाल्ने निर्णय गरेको छ ।'संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भई लागू भएपश्चात् मुलुकमा दोस्रो पटक नेपाली कांग्रेसको नेतृत्वको सरकारबाट प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न भएको छ, स्थानीय तहको निर्वाचनमा ठूलो दलको रुपमा स्थापित भइसकेको नेपाली कांग्रेस प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा पनि सबैभन्दा ठूलो दलको रुपमा स्थापित भएको छ,' कांग्रेसले भनेको छ, 'प्रतिनिधिमा सर्वाधिक सिट हालिस गरेको दलका हैसियतले कांग्रेस पार्टीले सरकारको नेतृत्वको दाबी गर्नु स्वभाविक हुन्छ ।'प्रवक्ता प्रकाशशरण महतले बैठकमा चुनावी परिणामको समीक्षा हुन बाँकी रहेको बताए ।उनले चुनावी परिणाममा असन्तुष्ट हुनुपर्ने कारण नरहेको समेत दाबी गरे । 'गएको चुनावमा हामी २३ सिटमा खुम्चिएका थियौँ, तर अहिले हामी ठूलो पार्टीका रुपमा स्थापित भएका छौँ। सरकारको नेतृत्व गर्ने हैसियत प्राप्त भएको छ । त्यसकारण चुनावी परिणाममा असन्तुष्ट हुनुपर्ने कारण छैन,' प्रवक्ता महतले भने, 'तर हामीले सोचेअनुरुप परिणाम भने आएको छैन। त्यसका कारणहरू पहिचान गरेर पार्टीलाई शशक्त बनाउन हामी सबैको प्रयास हुनु आवश्यक छ।'कांग्रेसले प्रतिनिधिसभामा प्रत्यक्षतर्फ ५७ सिट जितेको छ भने समानुपातिकमा ३२ सिट जितेको छ ।

## एनआई......

(क्यान) महासंघ पर्साका अध्यक्ष प्रशान्त कुमार र नीरज श्रीवास्तवले पनि विद्यार्थीहरुलाई सहजीकरण गरेका थिए । उक्त कार्यशालामा सिकेका कुराहरुको आधारमा विद्यार्थीहरुले विभिन्न किसिमका ९ वटा परियोजना निर्माण गरेका हुन् । अञ्जली यादवको नेतृत्वमा समूह 'ए' ले स्मार्ट डस्टबिन निर्माण गरेको छ । त्यस्तै प्रमानन्द प्रसाद दासको नेतृत्वमा समूह 'बी' ले आरएफआईडी स्मार्ट लक बनाएको छ । प्रतिक्षा कुमारी साहको नेतृत्वमा समूह 'सी' ले अटोमेटिक स्ट्रिट लाईट बनाएको छ भने आदर्श कुशवाहाको नेतृत्वमा समूह 'डी' ले स्मार्ट एलसिटी निर्माण गरेको छ । बलबिन्द्र शर्माको नेतृत्वमा समूह 'ई' ले वाटर लेभल डिटेक्टरको आविष्कार गरेका छ भने श्रीनिवास शर्माको नेतृत्वमा समूह 'एफ' ले पानी शूद्ध बनाउने परियोजनाको निर्माण गरेको छ। आयुष गुप्ताको नेतृत्वमा समूह 'जी' ले ब्लुतुथबाट चलाउन मिल्ने कारको निर्माण गर्दा चन्दन चौधरी नेतृत्वको समूह 'एच' ले स्मार्ट इरिगेशन सिस्टमको निर्माण गरेको छ । सद्धाम हवारीको नेतृत्वमा समूह 'आई' ले स्मार्ट घर निर्माण गरेको एनआई कलेजका प्रबन्ध निर्देशक ई.मनिष सिंहले जानकारी दिए । विज्ञान र प्रविधिको युगमा विद्यार्थीहरुलाई प्रविधिसँग घुलमिल गराउन कलेजले यस्ता कार्यशाला र कार्यक्रमको आयोजना गर्दै आएको सिंहले बताए । यसले विद्यार्थीहरुमा पनि हौँसला मिल्नुका साथै अरुलाई पनि प्रेरणा मिल्ने विश्वास उनको छ ।

## राष्ट्रपतिद्वारा........

मा प्रतिनिधिसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्ने उल्लेख छ ।

## नेपाल...

हटाएर आफूहरू शासनको बागडोरमा आउनु थियो । त्यसका लागि सशस्त्र युद्ध समापन गरेर देशमा शान्ति स्थापना गर्छौं त भन्नैपर्ने थियो । त्यसो नभन्दा सात दल र माओवादी मिल्नुको राजनीतिक वैधता स्थापित हुँदैनथ्यो । तर जब आन्दोलन सफल हुँदै गयो, सात दल र माओवादीले सोचेभन्दा ठूला परिवर्तनहरू संस्थागत हुने क्रम सुरु भयो । पुनःस्थापित प्रतिनिधिसभाका कतिपय घोषणा, शान्ति सम्झौताका कति अंश, अन्तरिम संविधान, धर्मनिरपेक्षता, संघीयता, समावेशी सिद्धान्त आदि त्यसका उदाहरण हुन् । संघीयता र अरू उपलब्धिका लागि अरू पनि आन्दोलन पक्कै भएका थिए ।

तर ती सबै परिवर्तन सम्भव पार्नका लागि समाजमा एउटा 'क्याटलिस्ट' बौद्धिक-राजनितिक समूह थियो जसले त्यति बेला राष्ट्रको विवेकको प्रतिनिधित्व गर्थ्यो । दलका नेता र कार्यकर्ताहरू त्यही विवेकको पछि डोऱ्याइएका थिए । राजनीतिक निर्णय गर्ने र त्यसको कार्यान्वयन गर्ने ठाउँमा भएका नेताहरू त्यही विवेकबाट निःसृत भएका थिए ।

कतिपय दक्षिणपन्थी 'प्रतिक्रियावादी' हरूले अहिले प्रश्न गर्छन् नि- सडकमा नभएको धर्मनिरपेक्षता संसद्को घोषणामा कसरी आयो ? जनआन्दोलनमा संघीयता कसले मागेको थियो ?

यस्तो प्रश्न किन गर्छन् भने, तिनीहरूले परिवर्तनका खास संवाहकलाई ठम्याउन सकेकै हुँदैनन् । यसो सम्झनुस् त त्यति बेला आफ्नो प्रतिबद्धता र वैधताको ओजमा गर्जिएको नागरिक समाजको नेतृत्व, बौद्धिक-प्राज्ञिक-लेखक समुदायको सक्रिय ऐक्यबद्धता र मिडिया नेतृत्वको नैतिक साहस !

यसो सम्झनुस् त त्यति बेला कांग्रेसको सामूहिक विवेकलाई गणतान्त्रिक परिवर्तनका लागि प्रभावित पार्ने समूह र एमालेलाई जागरुक पार्ने त्यति बेलाका युवा नेताहरू ! त्यति बेला दलहरूका बैठकमा छलफल नै नभएका विषय संसद्को जेठ १५ को घोषणामा कसरी लेखिए भनेर अहिले प्रश्न गर्नेहरू छन् नि, तिनले एक पटक माथिका पंक्ति दोहोऱ्याएर पढे हुन्छ, ती सबै कसरी लेखिएका थिए भनेर । सात दलको विवेक कहाँबाट बनेको थियो भनेर ।

तर ती दक्षिणपन्थीलाई अहिले जवाफ फर्काएर के स्वाद लिनु ! विडम्बना त के भने, जुन यस लेखको मूल विषय हो, परिवर्तनको मर्मलाई आत्मसात् गर्ने र त्यसको सन्देशलाई संस्थागत गरिने प्रक्रिया खलबल्याइनु हुँदैन भन्नका लागि अहिले त्यही एजेन्सी नै सकिएको छ । त्यति बेलाको नागरिक समाजका पात्रहरू अहिले जति बाँकी छन्, ती शिथिल छन् । जो अझै बोल्न सक्छन्, एकादुईबाहेक तिनीहरूले आफ्नै वैधता गुमाएका छन् ।

जसले गुमाएका छैनन्, तिनीहरूमा त्यो 'प्यासन' र आक्रोश नै बाँकी छैन । कांग्रेसभित्र जो त्यति बेला यसैका संवाहकमध्ये थिए, पार्टीको 'पपुलिस्ट' कित्ताले आफूलाई महाधिवेशनमा भोट दिँदैन कि भनेर भीडलाई डोऱ्याउने हैन, भीडबाट डोरिने विकल्पमा लागेका छन् । कांग्रेस र एमालेको अहिलेका दुवै नेतृत्व त्यति बेला जबर्जस्ती तानिएर परिवर्तनको भेलमा बगेका पात्र हुन् । तिनीहरूको यसमा न अपनत्व छ, न जवाफदेही । माओवादी र मधेशी दलको माथि नै चर्चा गरियो ।

अहिलेको नेपाल जहाँ उभिएको छ, त्यहाँ परिवर्तनको सार्वजनिक काल्पनिकी धेरै बाँकी छैन । परिवर्तनले अल्पसंख्यक समुदायलाई राज्यमा समान अपनत्व भाव हुन सक्ने जुन आस देखाएको थियो, तिनीहरू निराश छन् तर बोल्ने माध्यम पाएका छैनन् ।

जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीमा केहिले सानो माध्यम त पाए तर यी दुई पार्टीका आफ्नै सीमा छन् । निराश भएकामध्ये धेरैले भन्न थालेका छन्, 'ल, तिम्रो (बहुसंख्यकको) देश तिम्रै भयो । हामीलाई बसिखान मात्र देऊ ।' जो आफू पहिलेदेखि नै बहुसंख्यामा छन्, तिनलाई सबै चाहिएको छ । वर्चस्वशाली समुदायको वर्चस्व पुनः हावी हुने क्रममा छ ।

संविधानका छिद्र खोज्दै महिला र अरू समुदायले हात पारेको अधिकार आफूतिरै खिचिँदै छ । संघीयता किन ल्याइएको थियो भनेर यसको भावनाको प्रतिरक्षा गर्ने राजनीतिक र बौद्धिक-नागरिक समाज खुम्चँदै छ । प्रशासनिक सहजता र विकासको लक्ष्यका लागि मात्र राज्य 'पुनःसंरचना' थालिएको थियो भन्ने भाष्य दिनदिनै हावी हुँदै छ ।

परिवर्तन बेवारिसे भएपछि पुगिने भनेको दक्षिणपन्थमै हो । दक्षिणपन्थको अर्थ र बुझाइ देश र सन्दर्भ अनुसार फरक हुन सक्छ । आजका दिनमा नेपालमा दक्षिणपन्थी को हो भनेर हेरौं । पछाडि परेका समुदाय र वर्गलाई दिइने भनेको अधिकार फेरि छिद्र खोज्दै परम्परागत वर्चस्वशाली समुदायले खोस्न थाल्नु दक्षिणपन्थ हो । पहिचानको आन्दोलनको भावना र सबै समुदायको राज्यप्रतिको अपनत्व बराबर होस् भन्ने मुद्दालाई सम्बोधन गर्न, राज्यको चरित्र सुधार्नुपर्नेछ भन्ने कबोल गरेर ल्याइएको संघीयतालाई 'विकास' गर्ने प्रशासनिक एकाइका रूपमा बुझ्न खोज्नु दक्षिणपन्थ हो । सशस्त्र द्वन्द्वप्रति सबैका आआफ्नै दृष्टिकोण हुने भइहाले ।

प्रचण्ड र माओवादीको पतनोन्मुख चरित्र र कार्यसम्पादनको समीक्षा आफ्नो ठाउँमा छ । प्रमुख राजनीतिक दलहरू र राज्यले देशमा द्वन्द्व छ जसलाई समाधान गर्न बृहत् शान्ति सम्झौता र नयाँ संविधानमार्फत राज्यको पुनःसंरचना गरौं भन्ने मानेर अगाडि बढेको कोर्सका कमीकमजोरीलाई आलोचना गर्न सबैले मिल्छ । तर देशमा द्वन्द्व नै थिएन, शान्ति सम्झौता नै भएको थिएन र मधेश आन्दोलन पनि भएको थिएन जसरी ती सबै परिवर्तनका आधारभूत स्तम्भलाई नै सम्मान नगर्नु दक्षिणपन्थै हो ।

आफू बहुसंख्यक र वर्चस्वशाली धार्मिक-सांस्कृतिक-लैंगिक समुदायको हुने अनि जनसंख्याको बहुमत आफ्नो समुदायको छ भन्ने बलमा आफ्नो संस्कृति अनुसार नै राज्यको धार्मिक-सांस्कृतिक परिचय हुनुपर्छ भन्नु पनि दक्षिणपन्थ हो ।

भर्खर सम्पन्न निर्वाचनमा पुराना दलका नेताहरूले उठाएका मुद्दाका प्राथमिकता, तिनले गरेका भाषण, नयाँ दलका नाममा आएका कतिपय नयाँ नेताका रुझान र नागरिक-बौद्धिक समुदायको निष्क्रिय तटस्थताले नेपाललाई थप त्यही दिशातिर लगिरहेका छन् ।

परम्परागत रूपमा खाईपाई आएका र अहिले आफ्नो भाग खोस्न 'अरू' आए भनेर अतालिएकाहरूका लागि यो खुसीको खबर हुन सक्छ । यदि राज्य रूपान्तरणका मुद्दा देशका लागि जरुरी थिए र अहिले पनि छन् भने तिनलाई नेतृत्व दिन अब अर्को नयाँ पंक्ति आउने होला । अहिलेका लागि भने नेपालमा परिवर्तनको चरण सकिएको र माथि भनिएको अर्थमा समाजमा दक्षिणपन्थी रुझान गहिरिँदै गएको भनेर भनेर बुझ्दा हुन्छ ।सभार इकान्तिपुर